प्रणयन वर्ष २५, अङ्क ७, २०८१
ISSN (Print) : 2505-0818
Submitted Date : October 01, 2024
Accpted Date : January 15, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# आठराई गाउँपालिकाभित्र राजनीतिक समावेशिता र केन्द्रसँगको सम्बन्ध

**लोकेन्द्र सिटौला***

## सार

राजनीतिक समावेशिता भन्ने वितिकै राजनीतिमा सबै जाति, भाषा, लिङ्ग, समुदायको समान प्रतिनिधित्व भन्ने वुझिन्छ । यसलेखमा तेह्रथुम जिल्लाको आठराई गा.पा.को २०७४ र २०७९ को स्थानीय तहको निर्वाचनमा राजनीतिक समावेसिता कस्तो रहेको छ भन्ने विषयको अध्ययन गरिएको छ । यसमा मताधिकारको माध्ययमले राजनीतिक अधिकार प्राप्त हुने हुँदा यो कहाँबाट कसरी प्राप्त हुदैआयो यसको खोजी गरिएको छ । नेपालको वर्तमान संविधानले राजनीतिक समावेशितामा जोड दिएको देखिन्छ । आ.गा.पा.को दुबै स्थानीय निकायको निर्वाचनलाई नियाल्दा महिला,पुरूष, दलित, जनजाति, क्षेत्री, व्राम्ह्रण आदि सबैको राजनीतिकमा समान सहभागिता देखिए तापनि महिलाको २०७९ सालम राजनीति सहभागिता प्रतिशत घटेको देखिन्छ । त्यसैगरि नेपालको केन्द्रीय संसदको संरचना अन्य देश तुलनात्मा अध्ययन गरिएको छ। नेपालको जनसङ्ख्या, भौगोलिक अवस्था र आर्थीकस्रोतको अवस्था साथै अन्य देशहरूलाई नियाल्द नेपालको केन्द्र र प्रदेका संसद सङ्ख्या र निर्वाचन प्रणाली दुबैमा सुधार गर्नु पर्ने देखिन्छ ।

***शब्द कुञ्जी :*** सहभागिता, मताधिकार, प्रतिनिधित्व, प्रणाली, राजनीतिक

## १. पृष्ठभूमि

वास्तवमा राजनीतिमा समावेशिता कसरी र केका माध्ययमद्वारा प्राप्त भयो? भन्ने कुराको गहन अध्ययन नगरी यसको गहिराइमा पुग्न सकिन्न । यसको प्राप्तिका निमित्त मताधिकार प्रमुख माध्ययम हो । निर्वाचनमा नागरिकले मत खसाल्न पाउनु उसको मताधिकार हो । यस सम्बन्धमा दुई सिद्धान्त १. सीमित मताधिकार २. वयस्क मताधिकार प्रचलनमा छन् । सीमित अन्तर्गत नागरिकलाई मतको अधिकार

* राजनीतिशास्त्र उपप्राध्यापक, तेह्रथुम बहुमुखी क्याम्पस तेह्रथुम

हुँदैन आफ्नो मतको सदुपयोग गर्न सक्नेलाई मात्र मताधिकार प्रयोग गर्न दिइन्छ । गरिब अशिक्षित र महिलालाई यो अधिकारबाट वञ्चित गरिन्छ भने वयस्क मताधिकार अन्तरगत सबै नागरिकलाई यो अधिकार दिइन्छ । कतै २१ वर्ष उमेर पुगेकालाई वयस्क मानिन्छ भने कतै १८ वर्ष उमेर पगेकालाई यस सिद्धान्तले अल्प वयस्क, मगज विग्रेको, कठोर अपराधि, दिबालिया बाहेकका सबै व्यक्तिहरूलाई मतको अधिकार दिने हुँदा यो प्राय सबैतिर प्रचलनमा रहेको पाइन्छ (पोखेल, २०५४ पृ.८३– ८४) ।

यसरी हेर्दा बालिक मताधिकारको प्रचलन आउनु पूर्व मताधिकार प्रचलनमा सम्पत्ति सम्बन्धी बन्देज लगाउनुका साथै नारीहरूलाई मताधिकारबाट बञ्चित गरिनुको साथै यसका समर्थकहरू सबैलाई मताधिकार दिनेकुरामा सहमत थिएनन् । जुन सीमित मताधिकार थियो यसका पक्षमा १. सम्पत्ति सम्बन्धी बन्देज : युरोपका अनेकौ मुलुकमा सम्पति नहुने र कर बुझाउन नसक्नेलाई मताधिकारको अधिकार थिएन बेलायतमा १८३२ ई.वि. र १८६७ को सुधार विलले सम्पत्ति सम्बन्धी बन्देजलाई खुकुलो बनाउनुका साथै तिरेको करको आधारमा जर्मनीमा मतदातालाई तीन श्रेणीमा बाड्ने चलन १९१९ ई .वि. सम्म थियो यसमा पहिलो श्रेणीका मतदाताले दोश्रो श्रेणीको भन्दा चार गूणा र तेस्रो श्रेणीको मतदाता भन्दा १६ गुणा बढी राजनीतिक अधिकार प्रयोग गर्थे । महिला मताधिकारः-महिलाहरू लामो समयसम्म यो अधिकारबाट वञ्चित थिए बेलायतले सर्वप्रथम सन् १९१८ मा तीस वर्ष उमेर पुगेका महिलाहरूलाई मात्र मताधिकार प्रदान गऱ्यो । १९२८ मा आएर महिलाको उमेरको भेदभाव समाप्त भयो । अमेरिकामा १९औं संशोधन सन १९१९ देखि महिलाहरूलाई मताधिकार दिइयो, फ्रान्समा १९४५ भन्दा पहिले र इटलीमा १९४८ ई.वी. भन्दा पहिले महिलालाई भोट दिनबाट वञ्चित गरिएको थियो । स्विटर्जरल्यान्डमा सन १९७१ मा प्रथम पटक महिलाहरूले मतदिने अधिकार पाए भने नेपालमा २०१५ को आम निर्वाचनमा एकैपटक पुरूष र महिलाले मताधिकार पाएको देखिन्छ । शैक्षिक प्रबन्धः- यस सिद्धान्त अन्तरर्गत शिक्षितलाई मात्र मतदिने प्रावधान थियो । अन्य प्रबन्ध : - यसको सिद्धान्त र व्यवहार दुबै वालिग मताधिकारको पक्षमा छ । तरै भएतापनि मगजविग्रेको कठोर अपराधी माग्ने तथा टाट पल्टेकाहरूलाई यो अधिकारबाट वञ्चित गरिन्छ । रूसमा विदेसिलाई पनि त्यहाँ बसेको बेला मत दिने अधिकार छ । अमेरिकाले १५औँ संशोधनद्वारा जात र रङ्गको आधारमा मताधिकारबाट वञ्चित नगरिने व्यवस्था गरियो। दक्षिण अफ्रिकाको गोरा जातिवादी सरकारले त्यहाँका ८०% भन्दा वढी काला जातिलाई सन १९५६ देखि मतदाता सूचीबाट हटाएको छ । यसर्थ सीमित मताधिकार अनेकौ रूप र विश्वका अनेकौँ देसका आ–आफ्नै पद्दत्तिहरू भएपनि वर्तमान समयमा वालिग मताधिकारकै प्रचलन पाइन्छ (उही, पृ. ८४-८५)।

नेपालको राजनीतिक इतिहासमा २००४ को वैधानिक कानुनलाई संविधान निर्माणको आधार मानिन्छ । यो भारतीय कानुन विदहरू श्री प्रकाश, राम उग्रसिंह र रघुनाथ सिंहको परामर्श निर्माण भएको थियो तर लागु हुन पाएन र प्र.म. पद्यम संमसेरले यो लागु हुनुपूर्व नै भारत प्रवासको मौका पारी राजिनामा गरे (पोखेल, २०५७ पृ.४०) ।

यो २००५ वैशाख १ गतेबाट जारिहुने भनिए पनि लागुभएन त्यसपछि २००७, २०१५, २०१९, २०४७ जस्ता संविधानहरू निर्माण हुँदै गए (आन्तरिम संविधान २०६३, पृ ४) यस पछि २०५२ फागुन १ मा नेकपा माओवादीले जनयुद्धको घोषणा गऱ्यो (तिवारी, २०६८, पृ. ५४) यो समयदेखि नै नेपाली राजनीतिमा जनयुद्धको प्रभाव बढ्दै गयो २०५९ जेठ ८ मा तत्कालीन राजा ज्ञानेन्द्रबाट प्रतिनिधि सभा विघटन भएकोले २०६२ चैत्र २४ देखि राजनीति दलहरू आन्दोलनमा सरिक भए जसकारण २०६३

वैशाख ११ गते राजा ज्ञानेन्द्रबाट प्रतिनिधि सभा पुनर्स्थापनाको घोषणा हुनुका साथै गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सात दलको सरकार बन्यो यसपछी २०६३ माघ १ गते नेपालको आन्तरिम संविधान समेत जारी भयो। यसमा युद्धरथ नेकपा माओवादी समेत सरिक भएकोले नेपालमा प्रथम पटक २०६४ चैत्र २८ मा पहिलो संविधान सभाको निर्वाचन सम्पन्न भयो। यो निर्वाचन पछिको यसको पहिलो बैठक २०६५ जेठ १५ मा बस्यो र यसैद्वारा राजतन्त्रको विधिवत अन्त्य गर्नुका साथै लोकतान्त्रिक गणतन्त्रको आधार तय भयो । (सिटौला, २०७४ पृ ७९) यसपछि नेपालको संविधान २०७२ निर्माण गरिनुका साथै २०७२ असोज ३ मा जारी भयो जसमा ३०८ धारा रहेका छन् । (नेपालको संविधान २०७२, पृ १-४) अहिलेको नेपालको शासन व्यवस्था यसैद्वारा क्रियाशील छ । यस लेखमा खासगरी जिल्ला तेह्रथुम "आठराई गा.पा. भित्र राजनीतिक समावेशिता र नेपालको संसदीय स्थितिको तुलना अध्ययनमा आधारित भई पूरा गर्न खोजिएको छ । जुन यसको सार हो । आठराई गा.पा.को २०७४ र २०७९ मा निर्वाचित हुने पदाधिकारीहरूको राजनीतिक समावेशिता

## २. विधि र सामग्री

प्रस्तुत लेख मूलतः विश्लेषणात्मक विधिमा आधारित छ । यो अध्ययन गर्ने क्रममा पुस्तक, पत्रपत्रिका, सोध, निर्वाचन सम्वन्धी परिणाम र विश्वव्यापि सञ्जाल Google बाट कतिपय सामग्रीहरूको खोजी गरी निष्कर्ष निकाल्ने कोसिस गरिएको छ । आठराई गा.पा.को २०७४ र २०७९ मा निर्वाचित हुने पदाधिकारीहरूको आधार बनाएर साथै विकसित देश भारत, चिन र अमेरिकाको संसदीय स्थितिलाई नेपालको संसदीय स्थितिसँग तुलना गरिएकोछ ।

## ३. परिणाम र विश्लेषण

आठराई गाउँपालिकाले नेपालको राजनैतिक अवस्थाको परिवर्तनमा निकै सक्रिय नेतृत्वदायी भूमिका खेलेको छ । यहाँको चेतना उन्तन रहेको छ । आठराई गाउँपालिकाको राजनैतिक समावेशिताको बारेमा २०७४ र २०७९ को निर्वचनको आधार बनाएर हेर्दा तपसिल अनुसारको परिणम रहेको छ । २०७४ को आठराई गा.पा.को राजनीतिक समावेशितालाई निम्न तालिकामा देखाइको छ ।

**तालिका न १.**

*आठराई गाउँपालिका निर्वाचित पदाधिकारी, २०७९*

| नाम | पद | ठेगाना | |
|---|---|---|---|
| १ | श्री दिलकुमार पाहिम | अध्यक्ष | आठराई गा.पा. - |
| २ | श्री वलिराज ईङनाम | उपाध्यक्ष | आठराई गा.पा. -४ |
| ३ | श्री प्रेम राज लिम्बू | वडा अध्यक्ष | आठराई गा.पा. - १ |
| ४ | श्री भिमबहादुर लिम्बू | वडा अध्यक्ष | आठराई गा.पा. -२ |
| ५ | श्री बुद्धिमान गुरूङ | वडा अध्यक्ष | आठराई गा.पा. - ३ |
| ६. | श्री खगेन्द्र गुरूङ | वडा अध्यक्ष | आठराई गा.पा. -४ |
| ७ | श्री विष्णुप्रसाद ओली | वडा अध्यक्ष | आठराई गा.पा.-५ |
| ८ | श्री कृष्णप्रसाद बाँस्कोटा | वडा अध्यक्ष | आठराई गा.पा. - ६ |

| नाम | पद | ठेगाना | |
|---|---|---|---|
| ९ | श्री रोहित कन्दङ्वा | वडा अध्यक्ष | आठराई गा.पा. - ७ |
| १० | श्री नारायणप्रसाद गौतम | सदस्य | आठराई गा.पा. - १ |
| ११ | श्री नारायणप्रसाद ढुङ्गेल | सदस्य | आठराई गा.पा. - १ |
| १२ | श्री प्रतिमा सम्वाहाम्फे लिम्बू | सदस्य | आठराई गा.पा. - १ |
| १३ | श्री कबिता मङ्ग्रान्ति लम्जेल | सदस्य | आठराई गा.पा. - १ |
| १४ | श्री विर्खबहादुर लिम्बू | सदस्य | आठराई गा.पा. -२ |
| १५ | श्री गुमान सिंह ईश्वो | सदस्य | आठराई गा.पा. -२ |
| १६ | श्री सम्झना तामाङ्ग | सदस्य | आठराई गा.पा. - २ |
| १७ | श्री पर्मिला नेपाली | सदस्य | आठराई गा.पा. -२ |
| १८ | श्री राजु डाँगी | सदस्य | आठराई गा.पा. - ३ |
| १९ | श्री डिकबहादुर (शङ्कर) विश्वकर्मा | सदस्य | आठराई गा.पा. - ३ |
| २० | श्री तारा विष्ट | सदस्य | आठराई गा.पा. - ३ |
| २१ | श्री इन्दिरा कालीकोटी | सदस्य | आठराई गा.पा. - ३ |
| २२ | श्री हाङ्नारायण ईङ्नाम | सदस्य | आठराई गा.पा. - ४ |
| २३ | श्री यामबहादुर मगर | सदस्य | आठराई गा.पा. -४ |
| २४ | श्री निस्मा राना मगर | सदस्य | आठराई गा.पा. -४ |
| २५ | श्री लिला बयलकोटी | सदस्य | आठराई गा.पा. -४ |
| २६ | श्री धनबहादुर योन्जन | सदस्य | आठराई गा.पा. -५ |
| २७ | श्री तेजमान देवान | सदस्य | आठराई गा.पा. -५ |
| २८ | श्री चम्फावती कन्दङवा | सदस्य | आठराई गा.पा. -५ |
| २९ | श्री निर्मला धौलाकोटी (तोर्लाङ्गी) | सदस्य | आठराई गा.पा. -५ |
| ३० | श्री ओमकुमार लिम्बू | सदस्य | आठराई गा.पा. -६ |
| ३१ | श्री उदयराज कन्दङवा | सदस्य | आठराई गा.पा. -६ |
| ३२ | श्री सन्जुमाया घिसिङ्ग | सदस्य | आठराई गा.पा. -६ |
| ३३ | श्रीभमा बर्देवा | सदस्य | आठराई गा.पा. - ६ |
| ३४ | श्री हरिप्रसाद पराजुली | सदस्य | आठराई गा.पा.-७ |
| ३५ | श्री कुमारप्रसाद कन्दङवा | सदस्य | आठराई गा.पा. -७ |
| ३६ | श्री रीता तामाङ्ग | सदस्य | आठराई गा.पा. -७ |
| ३७ | श्री नरवदा सुनार | सदस्य | आठराई गा.पा. -७ |

*स्रोतः निर्वाचन आयोग नेपाल, स्थानीय निर्वाचन, २०७४*

यसरी स्थानीय तहको विश्लेषण गर्दा नेपालको स्थानीय तहको संरचना कस्तो छ भनेर हेर्न उपर्युक्त हुन्छ । नेपालमा ७ प्रदेश, ७५३ स्थानीय तह, ६ महानगर पालिका, ११ उपमहानगर पालिका, २७६ नगरपालिका, ४६० गाउँपालिका र ६,७४३ वडा रहेका छन् (**Local Government, 2017**)।

यसर्थ प्रथमतः २०७४ को आ. गा. पा.को निर्वाचित पदाधिकारीहरूको नामावली हेर्दा अध्यक्ष मान वहादुर लिम्बू र उपाध्यक्ष रूपादेवी कन्दङ्वा लगायत डाँगी, भट्टराई, ओली, ढुङ्गाना, सार्की, गुरूङ, कालीकोटे,

दर्जी, सुनार, जस्ता जातजातिहरूको प्रतिनिधित्व भएको देख्न सकिन्छ (स्थानीय निर्वाचन २०७४) । यसर्थ २०७९को आठराई गा.पा.को राजनीतिक समावेशितालाई निम्न तालिकामा देखाईको छ ।

**तालिका न २.**

*आठराई गाउँपालिका निर्वाचित पदाधिकारी, २०७४*

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | मानबहादुर लिम्बू | अध्यक्ष | आठराई गा.पा. - २ |
| २ | रूपादेवी कन्दङवा | उपाध्यक्ष | आठराई गा.पा.-४ |
| ३ | कमलबहादुर लिम्बू | वडा अध्यक्ष | आठराई गा.पा. - १ |
| ४ | दिलकुमार पाहिम | वडा अध्यक्ष | आठराई गा.पा. -२ |
| ५ | भीष्मराज डाँगी | वडा अध्यक्ष | आठराई गा.पा. - ३ |
| ६ | श्यामकुमार भट्टराई | वडा अध्यक्ष | आठराई गा.पा. -४ |
| ७ | विष्णुप्रसाद ओली | वडा अध्यक्ष | आठराई गा.पा. -५ |
| ८ | तेजप्रसाद कन्दङवा | वडा अध्यक्ष | आठराई गा.पा. - ६ |
| ९ | रोहित कन्दङ्वा | वडा अध्यक्ष | आठराई गा.पा. -७ |
| १० | बद्रीप्रसाद खत्री | सदस्य | आठराई गा.पा. - १ |
| ११ | राजबहादुर लिम्बू | सदस्य | आठराई गा.पा. - १ |
| १२ | सविता भट्टराई | सदस्य | आठराई गा.पा. - १ |
| १३ | कविता सार्की | सदस्य | आठराई गा.पा. - १ |
| १४ | गोपी ढुङ्गाना | सदस्य | आठराई गा.पा. -२ |
| १५ | सिंहराज फोपाहाङ् | सदस्य | आठराई गा.पा. -२ |
| १६ | धनमाया गिरी | सदस्य | आठराई गा.पा. -२ |
| १७ | कृष्णमाया दर्जी | सदस्य | आठराई गा.पा. -२ |
| १८ | तिलबहादुर ईङनाम | सदस्य | आठराई गा.पा. - ३ |
| १९ | जयेन्द्रकुमार थिङ्लावु | सदस्य | आठराई गा.पा. - ३ |
| २० | बलमाया गुरूङ | सदस्य | आठराई गा.पा. - ३ |
| २१ | शान्ता लम्जेल रोका | सदस्य | आठराई गा.पा. - ३ |
| २२ | इन्द्रकुमार थपलिया | सदस्य | आठराई गा.पा. -४ |
| २३ | नरेन्द्रकुमार ईङनाम | सदस्य | आठराई गा.पा. -४ |
| २४ | तुलसा सिलवाल | सदस्य | आठराई गा.पा. -४ |
| २५ | बन्दना कालिकोटे | सदस्य | आठराई गा.पा. -४ |
| २६ | जयप्रसाद कन्दङवा | सदस्य | आठराई गा.पा. -५ |
| २७ | दिलबहादुर कन्दङवा | सदस्य | आठराई गा.पा. -५ |
| २८ | अमृता थिङ्ग | सदस्य | आठराई गा.पा. -५ |
| २९ | निर्मला धौलाकोटी (तोर्लाङ्गी) | सदस्य | आठराई गा.पा. -५ |
| ३० | लक्ष्मीप्रसाद वाँस्कोटा | सदस्य | आठराई गा.पा. -६ |
| ३१ | तेजविक्रम कन्दङ्गवा | सदस्य | आठराई गा.पा. -६ |

| | | | |
|---|---|---|---|
| ३२ | अन्जना पोमु | सदस्य | आठराई गा.पा. –६ |
| ३३ | भमा दर्जी | सदस्य | आठराई गा.पा. –६ |
| ३४ | हरीप्रसाद पराजुली | सदस्य | आठराई गा.पा. –७ |
| ३५ | कुमारप्रसाद कन्दङवा | सदस्य | आठराई गा.पा. –७ |
| ३६ | रीता तामाङ्ग | सदस्य | आठराई गा.पा. – ७ |
| ३७ | नर्वदा सुनार | सदस्य | आठराई गा.पा. –७ |

*स्रोतः निर्वाचन आयोग नेपाल, स्थानीय निर्वाचन २०७९*

२०७९ को यस गा.पा.को निर्वाचित पदाधिकारीहरूको नामावली हेर्दा अध्यक्ष दिलकुमार पाहिम, उपाध्यक्ष बलिराज इङ्नाम लगायत अन्य जातिहरू गुरुङ, वास्कोटा, गौतम, ढुङ्गेल, लम्जेल, तामाङ, विश्वकर्मा, कालिकोटे, धौलाकोटी, तामाङ्ग, सुनार, मगर, डाँगी, नेपाली, जस्ता जातजातिहरूको प्रतिनिधित्व भएको देखिन्छ (स्थानीय निर्वाचन, २०७९) ।यसर्थ आ.ग.पा.को स्थानीय निर्वाचन २०७४ र २०७९ लाई समावेशिताको आधारमा निम्न तालिका २०७९ लाई समावेशिताको आधारमा निम्न तालिकाद्वारा अझ स्पस्ट पार्न सकिन्छ ।

**तालिका न ३.**

**आठराई गा.पा.को राजनीतिक समावेशिता**

| समावेशिता | २०७४ को प्रतिशत | २०७९ को प्रतिशत |
|---|---|---|
| दलित महिला | १८.९२ | १८.९२ |
| जनजाति र अन्य महिला | २१.६२ | १८.९२ |
| दलित पुरूष | ० | २.७० |
| जनजाति पुरूष | ३७.८४ | ४३.२४ |
| ब्राम्हण क्षेत्री पुरूष | २१.६२ | १६.२२ |
| जम्मा पुरूष | ५९.४६ | ६२.१६ |
| जम्मा महिला | ४०.५६ | ३७.८४ |
| जम्मा प्रतिशत | १०० | १०० |

*स्रोतः निर्वाचन आयोग नेपाल, स्थानीय निर्वाचन २०७४ र २०७९*

आ.गा.पा.को स्थानीय निर्वाचन २०७४ र २०७९ लाई हेर्दा यहाको २०७४ को दलित महिला १८.९२ प्रतिशत छ भने २०७९ को पनि १८.९२ प्रतिशत नै छ । त्यस्तै गरि जनजाति र अन्य महिलाहरू २०७४ मा २१.६२ प्रतिशत छ भने २०७९ मा १८.९२ प्रतिशत रहेको छ । दलित परूषमा ७४ मा प्रतिनिधित्व भएको देखिदैन भने २०७९ मा २.७० प्रतिशत रहेको छ । त्यस्तै २०७४ को जनजाति पुरूष ३७.८४ प्रतिशत रहेको छ भने २०७९ मा ४३.२४ रहेको छ । २०७४ को क्षेत्री ब्राम्हण पुरूष २१.६२ प्रतिशत रहेको छ भने २०७९मा १६.२२ रहेको छ । यसरी २०७४ को जम्मा पुरूषको प्रतिशत ५९.४६ रहेको छ भने महिलाको प्रतिशत ४०.५४ रहेको छ । २०७९ को जम्मा पुरूषको प्रतिशत ६२.१६ भने महिलाको ३७.८४ रहेको छ । २०७९ सालम महिलाको राजनीति प्रतिशत घटेको रहेको छ ।

यसरीहेर्दा आ.गा.पा.को यी दुबै स्थानीय निकायको निर्वाचनलाई नियाल्दा महिला,पुरूष, दलित, जनजाति, क्षेत्री, व्राम्ह्रण आदि सबैको राजनीतिकमा सहभागिता देखिएकोले नेपालको वर्तमान संविधानले राजनीतिक समावेशितामा जोड दिएको देखिन्छ । यसप्रकार यी दुबै सालको निर्वाचनमा अध्यक्ष र उपाध्यक्षसहित वडाको हकमा वडाध्यक्ष र ४ जना वडा सदस्यहरू रहने प्रावधान छ । जसमा कम्तीमा २ जना महिलाको प्रतिनिधित्व सबै वडामा देख्न सकिन्छ । यसको आशय यो हो कि नेपाल राज्यको संविधान २०७२ को भाग १८ धारा २२२ मा गाउँ सभाको गठन उल्लेख छ । यसको १) प्रत्येक गाउँ पालिकामा १ गाँउ सभा रहनेछ । (२) उपधारा (१) बमोजिमको गाउँसभामा गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष, वडाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित ४ जना सदस्य गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा २ जना महिलाको प्रतिनिधित्वसमेत गाउँकार्यपालिकामा हुने, यसको निर्वाचन पहिलो हुने निर्वाचन प्रणाली बमोजिम वालिग मताधिकारको आधारमा हुने, गा.पा.को अध्यक्ष भएको व्यक्ति २ कार्यकालभन्दा बढी अध्यक्ष पदमा उठ्न नपाउने र यी सबै पदाधिकारीहरूको पदावधि निर्वाचन भएको मितिले ५ वर्गको हुनेछ । १८ वर्ष उमेर पूरा भएको मतदाता हुने र २१ वर्ष उमेर पूरा भएको नेपाली नागरिक, कुनै कानुनले अयोग्य नभएको र मतदाता नामावलिमा नाम समावेश भएको व्यक्ति उमेद्वार बन्ने व्यवस्था छ (नेपालको संविधान, २०७२, पृ ८२-८७) । यसरी हेर्दा संविधान वमोजिम नै अध्यक्ष र उपाध्यक्षसहित ३७ जना सदस्य रहेको निर्वाचित पदाधिकारीहरूको संरचना गा.पा. भित्र रहन्छ र वडाध्यक्ष ४ जना वडा सदस्यहरू जसमा २ जना महिला प्रत्येक वडाबाट अनिवार्य हुनुपर्ने व्यवस्था छ ।

आठराई गा.पा.को २०७४ र २०७९ को विवेचना पछि नेपालको केन्द्रीय संसदको संरचना कस्तो रहेको छ ? र यो भारत चिन र अमेरिकी संसदको तुलनामा कतिको उपयुक्त छ ? यसले राज्यमा स्थायित्व शान्ति एवम सुव्यवस्था कायम गर्न कति सक्षम हुन्छ ? जस्ता प्रश्नको उत्तर खोज्नु पर्ने छ । दुनियाँमा जँहा सरकार संरचनाको प्रश्न उठ्छ ? त्यसको आधार र नमुनाको रूपमा अमेरिकी संविधान र संरकारको प्रसङ्ग अगाडि आउँछ । अमेरिकि संविधान निर्माणमा सन १८८७ को फिलाडेल्फीया सम्मेलन यसमा १२ राज्यका ५५ जना प्रतिनिधिले भाग लिए र रोड टापुले मात्र भाग लिएन। यी सहभागी प्रतिनिधिमध्ये केही त संसारका नामुद व्यक्तिहरू थिए जसमा जर्ज वासिङ्गटन जेम्स मेडिसन, अलेक् जेण्डर ह्यामिल्टन, वेन्जामिन फ्रेङ्कलिन र जेम्स विल्सनजस्ता व्याक्तिहरू भेला भएर लगभग १६ हप्ता छलफल गरी संविधान निर्माण गरे। यो संविधान १७८९ देखि कार्यान्वयनमा आयो र यसमा ७ धारा, १०-१२ पृ., ४००० शब्द र आधा घण्टामा पढेर सिध्याइने दस्तावेज मानिन्छ । यो संसारकै पहिलो लिखित संविधान हो (पोख्रेल, २०५७, पृ. ६-८) ।

नेपाल सरकारको संरचनालाई हेर्दा २१ वर्षपुगेका जनताले ५३८ निर्वाचक मण्डलको निर्वाचन गर्दछन् । जसमध्ये २७० ल्याउने पार्टीको राष्ट्रपति हुने निश्चित हुन्छ । राट्रपतिको लागि १४ वर्ष अमेरिकामा बसेको जन्मजात ३५ वर्ष उमेर पूरा भएको नागरिक हुनु पर्छ र कार्यकाल ४ वर्ष हुने र २ कार्यकालभन्दा बढी उठ्न नपाउने प्रावधान छ (जोशी, २०५७, पृ.१३८-३९) ।

निर्वाचक मण्डलको निर्वाचन पश्चात राष्ट्रपतिको हुने भन्ने निश्चित भएतापनि औपचारिकता पूरा गर्न नोभेम्वरको तेस्रो मङ्गलवार राष्ट्रपतिको निर्वाचन हुन्छ । (https://www.ussc.edu.au) भने जनवरी २० का दिन मात्र निर्वाचित राष्ट्रपतिले सफथ ग्रहण गर्ने र पदभार सम्हाल्ने प्रावधान छ । सफथ ग्रहण प्रधान न्यायाधीशबाट हुने र महाअभियोगको निर्णय गर्ने सिनेटको अध्यक्षता पनि सर्वोच्च अदालतका प्रधान

न्यायाधिशले नै गर्दछन। राष्ट्रपति विरूद्ध सिनेटका २/३ सदस्यको बहुमतले महाअभियोग प्रस्ताव पारित गरियो भने राष्ट्रपति पद मुक्त हुन्छन् । तर उनको स्थान उपराष्ट्रपतिले लिन्छन् । वाटरगेट काण्डमा मुछिएका राष्ट्रपति निक्सनले मात्र महाअभियोगबाट बच्न राजिनामा गरे र उपराट्रपति जर्ज बुस राष्ट्रपति बने । अमेरिकी इतिहासमा यो अपवाद हो । यहाँ अर्को निर्वाचन हुन्न् । त्यसैले यहाँ राजनीति स्थायित्व छ । अमेरिकामा अन्य कुनै राष्ट्रपतिमाथि महाअभियोग पास भएको छैन (पोखेल, २०५७, पृ.१९) । किनकि राष्ट्रपति पक्षका सिनेटरले कहिल्यै पनि विपक्षमा मतदान गर्दैनन् ।

यहाको संसदको कुरा गर्दा प्रतिनिधि सभामा ४३५ र सिनेटमा १०० गरी जम्मा ५३५ संसद सख्या छ (पोखेल, २०५७ पृ. २८-३१) यसको भूगोल ९८,४०,००० वर्ग किलोमिटर छ । (https://www.britannica.com) नेपालको भुगोल १,४७,१८१ वर्ग किलोमिटर छ । (https://mofa.gov.np) भएकोले अमेरिकि भूगोललाई नेपालको भुगोलले भाग गर्दा जति आउँछ त्यति नै अनुपातमा अमेरिका ठुलो हुने भयो यसर्थ अमेरिकाको कुल संसद सख्यालाई त्यही अनुपातले भग गर्दा जति आउँछ त्यतिनै नेपालको संसद सख्या बनाउनु पर्ने देखिन्छ । उदारणका लागि ९८,४०,०००/ १,४७,१८१ = ६६.८५६ यसले कुल अमेरिकी संसद(५३५)लाई भाग गर्दा ८.००२२७३५४ देखियो यसर्थ अमेरिकाको तुलनामा नेपालको संसद सख्या दुबै सदन गरेर लग भग ९ जना बनाउनु पर्ने देखियो । यसैगरी भारतको हिसाबले हेर्दा यसको क्षेत्रफल ३२,८७,२६३ वर्ग किलोमिटर (https://en.wikipedia.org) यसर्थ भारतको क्षेत्रफललाई नेपालको क्षेत्रफलले भाग गर्दा २२.३३४८ आउछ । भारत नेपाल भन्दा लगभग २२.३३४८ गुणा ठुलोरहेछ यसर्थ यो अनुपातले त्यहाको संसद सङ्ख्या राज्य सभा २५० र लोक सभा ५२५ (रेग्मी २०५६, पृ. १८४-१८७ ) गरी जम्मा ७७५ लाई भाग गर्दा जति आउँछ त्यति बनाउनु पर्ने देखिन्छ । उदाहरणको लागि ७७५/२२.३३४८ = ३४.६९९२०३८ देखियो यसर्थ भारतको तुलनामा नेपालको संसद सख्या दुबै सदन गरेर जम्मा लगभग ३५ जना बनाउनु पर्ने देखियो। चिनको आधारमा हेर्ने हो भने चिनको भुभाग ९६,००,००० वर्ग किलोमिटर (https://en.wikipedia.org) लाई नेपालको भुभागले भाग गर्दा जति आउँछ त्यसले चिनको संसद सङ्ख्यालाई भाग गर्दा आउने परीणाम जति बनाउनुपर्ने हुन्छ । उदाहरणकोलागी ९६,००,०००/१,४७,१८१ = ६५.२२५८१०४ आयो यहाको संसद सङ्ख्या २,९४२ छ (रेग्मी, २०५७, पृ.२५०) यो संसद सख्या २,९४२/६५.२२५८१०४=४५.१०४८४४ हुन आउछ । यसर्थ चिनको आधारले हेर्ने हो भने नेपालको संसद सङ्ख्या दुबै सदन गरेर लगभग ४६ जना बनाउनु पर्ने देखिन्छ ।

नेपालको संसद सङ्घीय व्यवस्थापिका प्रतिनिधिसभा भाग ८ धारा ८४ (१) क र ख मा -२७५, राष्ट्रिय सभा भाग ८ धारा ८६ (२) क र ख मा जम्मा ५९ (नेपालको संविधान २०७२, पृ. ३७-३८) र प्रदेश व्यवस्थापिका भाग १४ धारा १७६ (१) क र ख मा प्रतिनिधि सभाको दोब्बर ५५० (नेपालको संविधान, २०७२, पृ. ७१ ) गरि जम्मा ८८४ संसद रहेका छन् नेपालको संसद सख्या दुवै सदन गरेर अमेरिको हिसावले लगभग ९ भारतको हिसावले लगभग ३५ र चिनको हिसावले लगभग ४६ जना बनाउनुपर्ने देखिन्छ ।

## निष्कर्ष

नेपालको संविधानले समावेशी समानुपातिक र महिला लगायत सबै जात जातिहरूको उचित प्रतिनिधित्व गराएको छ । आ.गा.पा.को यी दुबै सालको स्थानीय निर्वाचनको मत परिणामलाई हेर्दा दलित, महिला, जनजाति, क्षेत्री, ब्राम्हण आदि सवैको उचित प्रतिनिधित्व भएको देखिन्छ । यसरी

हेर्दा यहाँको स्थानीय निर्वाचनमा राजनीतिक समावेशिता पाइन्छ, त्यसले सबै समुदायको राज्यमा पहुँच पुग्ने र राज्य विकासमा टेवा पुग्ने देखिन्छ । तर केन्द्रीय संसदको कुरा गर्ने हो भने यो अन्य मुलुकको तुलनामा अति नै भीमकाय हुनुका साथै यहाँ बहुदलीय व्यवस्था र समानुपातिक निर्वाचन प्रणाली अपनाइएकाले यहाँ स्थिर सरकारको संभावना देखिन्न् । यस्तो सरकारले जनहित अनुरूप कार्य गर्नुभन्दा पनि सदैव सरकार कहिलेसम्म रहने भन्ने प्रश्न उठ्ने हुँदा यसको असर स्थानीय सरकारमा सोझै पर्छ । यसर्थ नेपालको जनसङ्ख्या, भौगोलिक अवस्था र आर्थिकस्रोतको अवस्था साथै अन्य देशहरूलाई नियाल्द नेपालको केन्द्र र प्रदेका संसद सङ्ख्या र निर्वाचन प्रणाली दुबैमा सुधार गर्नु पर्ने देखिन्छ ।

## सन्दर्भ सामाग्री


निर्वाचन आयोग नेपाल(२०७४). स्थानीय निर्वाचन २०७४ . निर्वाचन आयोग नेपाल .

निर्वाचन आयोग नेपाल(२०७९) स्थानीय निर्वाचन २०७९. निर्वाचन आयोग नेपाल .

नेपालको सरकार (२०६३). *नेपालको अन्तरिम संविधान २०६३* . नेपालको सरकार

नेपालको सरकार (२०७२). *नेपालको संविधान २०७२* . नेपालको सरकार .

पोखेल, कृष्ण (२०५४). *आधुनिक राजनीतिक सिद्धान्त* . एम के पव्लीसर्स एण्ड डिस्ट्रिब्युटर्स .

पोखेल, कृष्ण (२०५७) . *नेपाल तथा भारतको सरकार र राजनीति.* एम के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स .

पोखेल, कृष्ण (२०५७). *विश्वका प्रमुख सरकार* . हिसि अफसेट प्रिन्टर्स प्रा. लि.

रेग्मी, शिरसचन्द्र (२०५६). *नेपाल र भारतको सरकार र राजनीति* . विद्यार्थी पुस्तक भण्डार .

रेग्मी, सुरेन्द्रप्रसाद (२०५७) . *विश्वका प्रमुख संविधानहरू (* अप्रकाशित शोध प्रबन्ध). राजनीतिशास्त्र, केन्द्रीय विभाग, त्रि.वि,

तिवारी, रामकृष्ण (२०६८). *नेपाली राजनीतिमा माओवादी जनयुद्धको प्रभाव* (अप्रकाशित शोध) . त्रि वि राजनीति शास्त्र केन्द्रीय विभाग .

लोकेन्द्र, सिटौला (२०७४). *प्रणयन,* १९ (६), ११६–१२२

Seven provinces and distribution of local level in Nepal - 2017

https://en.wikipedia.org

https://en.wikipedia.org

https://www.britannica.com

https://mofa.gov.np

https://www.ussc.edu.au